# पनौती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

**खनिजजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनहरूबाट**
**स्थानीय पूर्वाधार सेवा शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना**
**ठेक्का नं.: PMC/NCB/REV-03/2083-84**
**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१५ गते)**

पनौती नगरपालिका क्षेत्र भित्र निर्माणमुखी खनिज (ढुंगा, गिटी, रोडा, वेस, सबबेस, चुनढुंगा, माटो तथा डष्ट) जस्ता प्राकृतिक मालवस्तु ढुवानी हुने सवारी साधन गुडने रोशी सडक क्षेत्र लगायतका सडकहरूमा पानी छर्किने र नियमित सडक मर्मत कार्यको व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-११ को उपदफा (२) को खण्ड-घ(२) र पनौती नगरपालिकाको आर्थिक ऐन,२०८३ को अनुसुची-६ मा तोकिएको दर बमोजिम आर्थिक वर्ष २०८३/८४ का लागि साधारण निर्माणमुखी खनिज पदार्थ ढुवानी हुने मालवाहक सवारी साधनहरूमा स्थानीय पूर्वाधार सेवा शुल्क यस बोलपत्रमा तोकिएको शर्तहरुको अधिनमा रहि संकलन गर्ने कार्यको लागि राष्ट्रिय स्तरमा E-Bidding बाट ठेक्का बढाबढको माध्यमबाट रितपूर्वक बोलपत्र पेश गर्न वोलपत्र आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहायको शर्तहरुका अधिनमा रही तोकीएको मिति र समयभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Web Portal www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट download गरी प्राप्त गर्न सकिने छ। सो को लागि रु.३,०००।- (अक्षरेपि तीन हजार रुपैयाँ मात्र) पछि फिर्ता नहुने गरी निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format), बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ।

**बोलपत्र फाराम दस्तुर वापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | राजस्व शिर्षक नं. १४२१९ |
| खातावालाको नामः पनौती नगरपालिका | राजस्व शिर्षकः अन्य सेवा शुल्क तथा बिक्री |
| खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता | खाता नं.: ०९००३०००००१००१००००१ |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | |

२. बोलपत्र फारामसाथ धरौटी बापत मूल्य अभिवृद्धि कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड पनौतीमा रहेको निम्न धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखीला गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन अवधि रहेको यस कार्यालयको पक्षमा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ। साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, व्यवसाय दर्ता इजाजत पत्र(अद्यावधिक), मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.२०८१/०८२को करचुक्ता प्रमाणपत्र, लाई Scan गरेर PDF Format मा upload गरी मिति २०८३।०४।०५ गते दिनको १:००बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ।

**धरौटी बापतको रकम जम्मा हुने बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंकको नामः- Nepal Bank Limited | खातावालाको नामः पनौती नगरपालिका |
| कार्यालय कोड नं. ८०३२६४०३३०० | खाताको नामः- ग ३.१ धरौटी खाता |
| खाता नं.: ०९००३००००३००००००००१ | |

३. बिद्युतिय माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८३।०४।०५ गते दिनको ठिक २:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको २:०० बजे बोलपत्र खोल्ने समय कायम हुनेछ।

५. कुल कबोल अंकलाई ३ (तीन) किस्ता कायम गरिने छ। पहिलो किस्ता बापत मु.अ.कर समेत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता हुनु अगावै कार्यालयमा दाखीला गर्नुपर्नेछ। दोश्रो किस्ता र तेश्रो किस्ता रकम देहाएको तालिका बमोजिम

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल २०७२

CamScanner

रूकम दाखीला गर्नुपर्नेछ। सम्झौतामा उल्लिखित किस्ता रकम समयमित्र दाखिला नगरेमा बुझाउनुपर्ने बाँकी रकममा १०(दश) प्रतिशतका दरले जरीवाना हिसाब गरी जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

| क्र.सं. | किस्ता | किस्ता रकम मु.अ.कर समेत | किस्ता बुझाउनुपर्ने अवधि |
|---|---|---|---|
| १ | प्रथम किस्ता | कुल कबोल रकमको ४० प्रतिशत | सम्झौता गर्दाका बखत |
| २ | दोश्रो किस्ता | कुल कबोल रकमको ३० प्रतिशत | २०८३ पौष मसान्त भित्र |
| ३ | अन्तिम किस्ता | कुल कबोल रकमको ३० प्रतिशत | २०८४ साल जेठ मसान्त भित्र |

६. प्रथम किस्ता बुझाए पश्चात बाँकी हुन आउने रकम (मु.अ.कर समेतको) सम्झौतामा भएको मितिले कम्तिमा १२ महिना म्याद/अवधि भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ। बैंक जमानत प्रत्येक किस्ताको अलग/अलग बनाइ समेत पेश गर्न सकिनेछ।

७. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन।

८. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

१०. बोलपत्रदाताहरूलाई यस ठेक्का सम्बन्धी कुनै विषयमा जिज्ञासा तथा जानकारी लिनुपरेमा मिति २०८३।०३।२६ गते शुक्रवार दिनको १.०० बजे नगर कार्यपालिकाको कार्यालयमा पूर्व बोलपत्र बैठक राखिएको छ।

११. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन।

१२. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर, मुल्य अभिवृद्धी कर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ। ठेक्का सम्झौता बमोजिमको बुझाउनुपर्ने मु.अ.करको हकमा किस्ता दाखीला गर्दाका बखत नै किस्ता वापतको रकममा १३ प्रतिशत थप रकम दाखीला गरेको प्रमाण पेश गर्नुपर्नेछ अन्यथा सम्झौताका बखत पेश गरेको बैंक कार्यसम्पादन जमानतबाट रकम जफत गरी मु.अ.कर रकम दाखीला गरिनेछ। ठेक्का सम्झौताभन्दा बढी कर संकलन भएको खण्डमा बढी असुल भएको रकमको नियमानुसारको मु.अ.कर दाखीला गर्ने जिम्मेवारी स्वीकृत बोलपत्रदाता स्वयंको हुनेछ।

१३. सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता कबुलियत/सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काका लागि बोलपत्रसाथ राखेको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ।

१४. स्वीकृत दररेटभन्दा बढी शुल्क असुल गर्न पाइने छैन। बोलपत्रदाताले कर संकलनका लागि प्रयोग गर्ने रसिद यस कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरेर मात्र जारी गर्नुपर्नेछ। साथै सहायक राजमार्गमा वा सडकमा ढाँट राखी कर संकलन गर्न पाइने छैन।

१५. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१६. स्थानीय पूर्वाधार तथा सेवा शुल्क संकलन सम्बन्धी कार्यको अवधी सम्झौता भएको अवधिदेखी २०८४ असार मसान्तसम्म कायम हुनेछ।

१७. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानून तथा यस नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

१८. स्थानीय पूर्वाधार तथा सेवा शुल्क संकलन सम्बन्धी दररेट र न्यूनतम अंकः

| सि.नं. | सवारी साधनको प्रकार | इकाई | स्वीकृत शुल्क दर (मु.अ.कर समेत) | आ.व.२०८३।८४का लागि कायम न्यूनतम अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | टिपर/भारत बेन्च | प्रति पटक | रू. १५०.०० (प्रति ट्रिप) | रू. १,३२,४६,०००।- (अक्षरेपी एक करोड बत्तीस लाख छयालीस हजार मात्र) |
| २ | मिनी टिपर/ट्रक | प्रति पटक | रू. १००.०० (प्रति ट्रिप) | |
| ३ | निसान/ट्रयाक्टर | प्रति पटक | रू. ७०.०० (प्रति ट्रिप) | |

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
२०७१

CamScanner